# कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## KABILA MULTIPURPOSE CO-OPERATIVE LIMITED

### घोराही उपमहानगरपालिका- १६ दाङ

## विनियम - २०८०

# कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको विनियम २०८०

**कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** सञ्चालन गर्न बनेको विनियम

**प्रस्तावनाः-**

सहकारी सिद्धान्त, मूल्य र मान्यताहरु अवलम्बन गरी सदस्यमाहरूमा स्वावलम्बन पारस्परिकताको भावनालाई बढावा दिएर आफ्नो आर्थिक एवं सामाजिक उन्नतिका लागि आवश्यक श्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरूको बन्दोबस्त गर्ने, समानता र समताका माध्यमबाट सदस्यहरुको सम्वृद्धि हासिल गर्न सीप, प्रविधि र परिश्रम उपयोग गरी उद्यम विकास, उत्पादन, उत्पादकत्व र वचत वृद्धि गर्ने, कृषि क्षेत्रको समग्र विकासमार्फत उत्पादित वस्तुहरुको संकलन, भण्डारण र प्रशोधन तथा बजारीकरण गर्ने एवं सदस्यहरुको विस्तार गर्दै सहाकारी संस्कृतिबाट सम्वृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुर्याउने उद्देश्यले **कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको** स्थापना गर्न लुम्विनी प्रदेश सहकारी ऐन २०७६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७९।०५।११ को प्रारम्भिक भेलाको निर्णय बमोजिम मिति २०७९/०६/१० गते बसेको दोश्रो प्रारम्भिक भेलाको सर्वसम्मत निर्णय बमोजिम यो विनियम बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१) यस विनियमको नाम **कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको** विनियम २०८० रहेको छ ।

२) यो विनियम आन्तरिक मामिला तथा सहकारी मन्त्रालय, सहकारी दर्ता अधिकारीको कार्यालय, लुम्विनी प्रदेशबाट स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ।

### २. नाम, ठेगाना र प्रतिक चिन्हः

१) यस सहकारी संस्थाको नाम **कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** हुनेछ। अंग्रेजीमा **KABILA MULTIPLE CO-OPERATIVE LIMITED** रहनेछ ।

२) यस सहकारी संस्थाको प्रधान कार्यालय घोराही उप महानगरपालिकाको वडा नं १६ स्यानिअम्वापुर दाङमा रहनेछ। भौगोलिक सुगमता र सदस्यहरुको माग अनुसार स्वीकृत अन्य पालिकाहरुमा सेवा केन्द्र तथा कार्यालयहरु विस्तार गर्न सकिनेछ ।

३) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको भवन प्रयोग गरिने छैन ।

४) संस्थाको ठेगाना परिवर्तनको सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु, आन्तरिक मामिला तथा सहकारी मन्त्रालय, सहकारी दर्ता अधिकारीको कार्यालय, लुम्विनी प्रदेश र सहकारी संघहरुमा दिइनेछ ।

५) यस संस्थाको प्रतिक चिन्ह र छाप **अनुसूची -१** मा उल्लेख भए वमोजिम हुनेछ ।

**३. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा

१) **"ऐन"** भन्नाले संघीय सहकारी ऐन २०७४ र लुम्विनी प्रदेश सहकारी ऐन २०७६ लाई सम्झनु पर्दछ।

२) **"नियमावली"** भन्नाले संघीय सहकारी नियमावली २०७५ र लुम्विनी प्रदेश सहकारी नियमावली २०७६ लाई सम्झनु पर्दछ ।

३) **“दर्ता गर्ने अधिकारी”** भन्नाले ऐनको दफा ७६ वमोजिम तोकिएको दर्ता गर्ने अधिकारी सम्झनु पर्दछ र सो शब्दले निजबाट अधिकार प्राप्त अधिकृतक समेतलाई जनाउनेछ ।

४) **“संस्था”** भन्नाले **कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** सम्झनु पर्दछ ।

५) **"सदस्य"** भन्नाले दफा ८, ९, वा १४ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ।

६) **“साधारणसभा”** भन्नाले संस्थाको प्रारम्भिक साधारणसभा, बार्षिक साधारणसभा र विशेष साधारणसभा समेतलाई सम्झनु पर्दछ ।

७) **"समिति"** भन्नाले दफा ३५ बामोजिम गठन भएको संस्थाको सञ्चालक समितिलाई सम्झनु पर्दछ।

८) **"उप-समिति"** भन्नाले यस विनियम बमोजिम संचालक समितिद्वारा गठित उप-समितिहरुलाई सम्झनु पर्दछ ।साथै सो शब्दले कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएका उप-समिति समेतलाई सम्झनु पर्दछ।

९) **"संचालक"** भन्नाले यस विनियम बमोजिम निर्वाचित संस्थाका सञ्चालकलाई सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य समेतलाई जनाउने छ।

१०) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

११) **"विनियम"** भन्नाले **कविला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**को विनियम २०८० लाई सम्झनु पर्दछ ।

१२) **"शेयर"** भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई जनाउँछ।

१३) **"शेयर पूँजी"** भन्नाले यस सहकारी संस्थाको चुक्ता पूँजीलाई सम्झनु पर्दछ ।

१४) **"शेयर प्रमाणपत्र"** भन्नाले शेयर किन्ने व्यक्तिलाई शेयर खरिद गरे बापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ।

१५) **"पूँजीकोष"** भन्नाले सहकारी संस्थाको प्राथमिक पूँजी र पुरक पूँजीको योग सम्झनु पर्दछ ।

१६) **"प्राथमिक पूँजीकोष"** भन्नाले सहकारी संस्थाको शेयर पूँजी र जगेडाकोष रकमलाई जनाउनेछ ।

१७) **"पुरक पूँजीकोष"** भन्नाले सहकारी संस्थाको कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्तिकोष, डुबन्त ऋणकोष, ऋण जोखिम कोष, स्थितिकरण कोष तथा वाडफाड नगेरको मुनाफा रकमलाई जनाउनेछ ।

१८) **"वचत वा निक्षेप"** भन्नाले सदस्यहरुले पुर्व निर्धारित दरमा व्याजको रुपमा लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ

१९) **"बचत वा निक्षेप परिचालन"** भन्नाले सदस्यहरुबाट बचत वा निक्षेप संकलन गर्ने र सदस्यहरुमा लगानी गर्ने दुवै कार्यलाई जनाउदछ

२०) **"ऋण"** भन्नाले संस्थाले निश्चित सर्त र सम्झौताको आधारमा भविष्यमा निर्धारित दरमा व्याज बापतको रकमसमेत थप गरी फिर्ता बुझाउने गरि ऐनको दफा ५१ को अधिनमा रही ऋणको रुपमा प्राप्त गरेको रकमलाई सम्झनु पर्दछ

२१) "टोल **उप क्षेत्रीय बैठक"** भन्नाले संस्थाका सदस्यहरुको बैठकलाई सम्झनु पर्दछ

२२) **"व्यवस्थापक"** भन्नाले दफा ४४ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक कर्मचारी सम्झनु पर्दछ ।

२३) **"तोकेबमोजिम वा तोकियबमोजिम"** भन्नाले संस्थाको विनियम बमोजिम स्वीकृत नीति तथा कार्यविधिको अधिनमा रहि/बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि संचालक समितिले जारी गर्ने निर्णय तथा निर्देशनलाई जनाउदछ ।

२४) **"कार्यक्षेत्र"** भन्नाले सहकारी संस्था वा सदस्यताको विस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जानाउदछ ।

२६) **"एकाघर परिवार"** भन्नाले छुट्टि भिन्न नभई एकघर परिवारमा बसेका बाबु आमा, दाजु, भाई, दिदी, बहिनी, पति, पत्नी, छोरा, बुहारी, धर्मपुत्र, धर्मपुत्रीलाई जनाउदछ . सो शब्दले सदस्यले पालनपोषण गर्नुपर्ने वा निजमा आश्रित व्यक्ति समेतलाई जनाउदछ ।

२७) **"नियामक निकाय"** भन्नाले सहकारी संस्थाको नियमन क्षेत्राधिकार अनुशार विभाग वा ऋदेश मन्त्रालय वा प्रदेश मन्त्रालयको विभाग अन्तर्गतको कार्यालयलाई जनाउदछ ।

२८) **"आर्थिक बर्ष"** भन्नाले प्रत्यक बर्षको श्रावण एक गतेदेखि असार मसान्तसम्मको अवधिलाई जनाउदछ ।

**४. सहकारी सिद्दान्तः अ**) अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा पारित सहकारीका निम्न सात सिद्दान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् । यी सिद्दान्तहरुको अनुशरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहुरी निर्देशित हुनेछन्

१) स्वैच्छिक तथा खुला सदस्यता ।

२) सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण ।

३) सदस्यहरुको आर्थिक सहभागिता ।

४) स्वयत्तता तथा स्वतन्त्रता ।

५) शिक्षा, तालिम र सूचना ।

६) सहकारीहरू बिच सहयोग ।

७) समुदाय प्रति चासो ।

**आ)** सहकारीको सिद्दान्त बमोजिम सहकारी बिच पारस्परिक सहयोगको अभिवृद्धि गर्न यो संस्थाको दर्ता भई प्रारम्भिक साधारणसभा सम्पन्न भएको ६ महिना भित्र दाङ जिल्ला सहकारी संघको सदस्यता लिइनेछ । संस्थाको वित्तीय क्षमताको आधारमा राष्ट्रिय सहकारी बैंकको शेयर खरिद गरी सदस्यता लिइनेछ ।

**इ) संस्था संगठित संस्था हुने :**

१) यस संस्था अविछिन्न उत्तराधिकारीवाला एक स्वशासित संस्था हुनेछ।
२) यसको सबैकाम प्रमाणित गर्नका लागि अनुसूची १ मा उल्लेख गरिए अनुसार आफ्नै एउटा छुट्टै चिन्ह अंकित छाप रहेको हुने छ।

३) यो छाप सञ्चालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मा रहने छ।
४) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै पनि प्रकारले बन्दोबस्त गर्न सक्नेछ।

५) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस गर्न सक्ने र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने छ।

## परिच्छेद- २
## संस्थाको क्षेत्र

**५. उद्देश्य :** सदस्यहरुको सामाजिक, आर्थिक र सास्कृतिक हितलाई ध्यानमा राखि देहायमा उल्लेख भएबमोजिमका काम र कार्बाही गर्न संस्थाको निम्न उद्देश्य रहने छ ।

१) सदस्यहरूको खाँचो पूर्ति गर्नको लागि एक जुट भई काम गर्न प्रोत्साहित गर्ने ।

२) सदस्यहरुमा स्वाबलम्बनको ज्ञान पारस्पारिक सहयोग र मितव्ययिताको भावना सृजना गरी बचत गर्ने प्रविधिको अभिवृद्धि गर्ने ।

३) आत्मनिर्भता तथा आत्म बिश्वास सम्बन्धि धारणा बारे सदस्यहरुलाई उत्प्रेरित गर्ने ।

४ सदस्यहरुलाई उत्पादनशील, आयमूलक, सिपमूलक उद्देश्यका लागि प्रोत्साहित गर्नुका साथै तत्सम्बन्धी तालिमहरु संचालन गर्ने ।

५) सदस्यहरुलाई आय आर्जन क्षेमतामा बृद्धि गर्नका लागि आबश्यक मद्दत र जानकारी उपलब्ध गराउने ।

६) सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने खालका कृषि कार्य गर्ने ।

७) सिचाईको उचित प्रबन्धको साथै स्थानीय जन समुदायको जीवनस्तर माथि उठाउने ।

८) कृषिजन्य वस्तुहरूको उत्पादन वृद्धिका निमित्त आवश्यक पर्ने तालिम नियम प्रशिक्षण हरूको व्यवस्था गर्ने, बीउ बिजन मलखाद एवं कृषि औजारहरूको व्यवस्था, खरिद तथा विक्रीवितरण गर्नुको साथै आवश्यक पर्ने श्रोत साधनको प्रबन्ध गर्ने ।

९) वैज्ञानिक खेती तर्फ कृषकहरुलाई उन्मुख गराउने, आयमूलक कार्यक्रम बारे जानकारी दिने ।

१०) उन्नत बीउ बिजन तथा घाँसेबाली, उन्नत पशुपन्छी पालन र तरकारी उत्पादन गर्न संस्थागत सदस्यहरुलाई प्रेरित गरी आत्मनिर्भर बनाउने ।

११) स्थानीय जातका बाली तथा पशुपन्छीको जैविक विविधता संरक्षण गर्ने ।

१२) सदस्यहरुको आर्थिक विकासका लागि सहकारी पसल सञ्चालन गर्ने ।

१३) साधारण जनताका आर्थिक अबस्थाको विकास र प्रर्बद्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठनहरुको दाजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रिय संघको सदस्यता ग्रहण गर्ने ।

१४) आफ्नो उद्देश्य पुरा गर्नका लागि सम्मान उद्देष्य भएका स्थानिय, क्षेत्रिय, राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसंग सहयोगात्मक भाबना राख्ने ।

१५) सदस्यहरु तथा संस्थाको संस्थागत बिकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने ।

१६) समाजका कम्जोर बर्ग र निम्न आय भएको ब्यक्ति वा समूहको आर्थिक, सामाजिक उत्थानमा सहयोग पूऱ्याउने ।

१७) विभिन्न रेमिट कम्पनीहरुसंग सम्झौता गरि रेमिट सञ्चालन गर्न सक्ने छ ।

१८) कार्य क्षमता एवं सस्था सक्षम भएपछि संस्थाले नेपाल राष्ट्र बैंक को स्वीकृति लिई बैंकिङ्ग कारोबार गर्ने छ।

१९) विद्युत उत्पादन तथा नविकरणीय उर्जामा सहकार्य गर्ने ।

२०) स्थानीयस्तरमा कृषि तथा पशुजन्य वस्तुको उत्पादन, प्रशोधन तथा प्याकेजिगं गरी विक्री वितरण गर्ने ।

**६. कार्य :** संस्थाको विनियममा उल्लेखित उद्देश्यहरु प्राप्त गर्नको लागि निम्न कार्यहरु गरिने छ ।

**अ) कृषि उत्पादन, प्रशोधन तथा प्याकेजिंग :**

१) कृषिजन्य वस्तुहरूको उत्पादन गर्ने,

२) विभिन्न किसिमका बीउबिजनहरु उत्पादन गर्ने,

३) उन्नत खेती गर्न सिकाइ सुविधा उपलब्ध गराउने,

४ ) कृषिको लागि प्राङगरिक मलको लागि पशुपालनलाई जोड दिने,

५) सरकारी तथा गैरसरकारी वित्तीय संस्था र संस्थाहरुबाट बाह्य ऋण तथा अनुदान लिने,

**आ) बेचबिखन :**

१) कृषिजन्य तथा बीउबिजन बेच बिखन गर्ने,

२) कृषि उपजहरुको बेचबिखन गर्ने, खरिद तथा विक्रि गर्ने,

३) उन्नत जातका कृषि आजार, कीटनाशक विषादी बिक्री वितरण गर्ने,

४) प्रशोधित वस्तुहरु बिक्री वितरण गर्ने,

५) माछापालन तथा विक्री वितरण गर्ने,

६) फलफूल खेती तथा विक्री वितरण गर्ने।

७) रासायनिक मल खरिद तथा विक्रि गर्ने,

**इ) तरकारी उत्पादन तथा उपभोग्य वस्तुः**

१) मौसमअनुसार उत्पादन हुने ताजा तरकारी तथा खाद्य बालि उत्पादन गर्नको लागि सदस्यहरुलाई प्रोत्साहन गर्ने,

२) उत्पादित तरकारीको विक्री वितरणको लागि व्यवस्था गर्ने,

३) सदस्यहरूको आवश्यक्ता अनुसार उपभोग्य वस्तुहरुको खरिद गर्ने,

४) उचित मूल्यमा शुद्ध र ताजा उपभोग्य वस्तु उपलब्ध गराउने,

५) संस्थाबाट उत्पादित वा खरिद गरेको विभिन्न वस्तुहरु सदस्यहरुमा बिक्री वितरण भई बाँकी रहेमा अन्य उपभोक्ताहरुलाई पनि बिक्री वितरण गरिने छ।

**ई) बचत तथा ऋण परिचालनः**

१) सदस्यहरुबाट बचत संकलन गर्ने,

२) संकलन भएको बचत रकममा प्रतिस्प्रधात्मक रूपमा ब्याज दिने,

३) सदस्यहरुलाई सरल र सुलभ तरिकाबाट ऋण प्रवाह गर्ने।

४) आफ्ना सदस्यहरुबाट नियमित बचत निक्षेप संकलन गर्ने ।

५) आफ्ना सदस्यहरुलाई नियमित रुपमा ऋण प्रबाह गर्ने ।

६) सदस्यहरुको आर्थिक, सामाजिक, बिकासका कार्यहरु गर्ने ।

७) नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमा प्रतिसप्रधात्मक दरमा ब्याज दिने ।

८) उत्पादनसिल, आय मुलक र सिप मुलक उद्देष्यका लागि सदस्यहरुलाई उचित ब्याज दरमा ऋण प्रदान गर्ने ।

**उ) अन्य कार्यः**

१) सहकारिता बारे सदस्यहरुलाई चेतना जगाउने,

२) सहकारी शिक्षा कार्यक्रम संचालन गर्ने,

३) संस्थाको कार्यक्षेत्र भित्र सामाजिक हित हुने कार्य गर्ने,

४) तरकारी, खाद्यवाली उत्पादन, पशुपालन व्यवसायलाई प्रोत्साहित गर्ने,

५) उन्नत तरिकाबाट खेती गर्नको लागि तालिम तथा शिक्षाको सुविधा उपलब्ध गराउने,

६) तरकारीको भण्डारणको लागि गोदाम तथा शित भण्डारको व्यवस्था गर्ने,

७) फलफूलहरू प्रशोधन गरी जाम, जेली, जुस, अचार आदि बनाइ विक्री वितरण गर्ने,

८) कृषि सहकारी सङ्घ संस्था सहित अन्य सरकारी तथा गैर सरकारी संघ संस्थासँग सम्पर्क तथा समन्वय गर्ने।

९) सहकारी पसल संचालन गर्ने

१०) सहकारी सिद्धान्त अनुरुप सहकारी संस्थाको उद्देश्य प्राप्तीका कार्यहरु गर्ने कार्य दक्षता एबं संस्था सक्षम भएपछि संस्थाले राष्ट्र बैंक को स्वीकृति लिई बैंकिङ्ग कारोबार कार्य गर्ने ।

११) दातृ संस्थाहरुबाट कुनै सर्त नराखि प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने ।

१२) सदस्यहरुको संमृद्धि र बिकास र बिकासको अधिकतम हितलाई ध्यानमा राखि सहकारी ऐन नियमहरु र यस विनियममा ब्यबस्था भएबमोजिम दैनिक कार्य सञ्चालनका साथै चल अचल सम्पति आर्जन गर्ने । क्रय बिक्रय गर्ने हस्तारन्तरण गर्ने, चन्दा दिने धरौटी राख्ने, बन्धक राख्ने आदि काम गर्ने ।

१३) अन्य संघ संस्थाबाट ऋृण लिने र दिने ।

१४) नविकरणनीय उर्जा ((गोबर ग्यास, माइक्रो हाड्रोपावर, सोलरपावर आदि) को क्षेत्रमा काम गर्ने ।

१५) रेमिटको कार्य गर्ने

१६) आफ्ना सदस्यहरुको क्षमता अभिबृद्धिको लागि सरकारी र गैएरसरकारी संघ संस्थाको सहयोगमा र आफै पनि सिपमुलक र आयमुलक तालिम सञ्चालन गर्ने ।

१७) कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादन, प्रशोधन र प्याकेजिगं गरी विक्रि वितरण गर्ने ।

**७. कार्यक्षेत्रः** यस संस्थाको कार्यक्षेत्र घोराही उप महानगरपालिका र तुलसीपुर उप- महानगरपालिकाको सम्पूर्ण क्षेत्र हुनेछ। कार्यक्षेत्र विस्तार गर्नु परेमा सम्वन्धित निकायको अनुमतिमा विस्तार गरिनेछ ।

## परिच्छेद- ३
## सदस्यता

**८. संस्थाको सदस्यता :** निश्चित उद्देश्य एवं सामान्य आय स्तर भएका र निश्चित भौगोलिक क्षेत्र भित्र बसोबास गरेका र नियमितरुपले बचत गरी सहकारिताको भावनाले सदस्यहरूको जीवनस्तर र आर्थिक तथा सामाजिक अवस्था सुधार गर्न सहयोग पुर्‍याउने इच्छुक व्यक्तिले संस्थाको सदस्यता लिन इच्छा ब्यक्त गरेमा विनियमको अधीनमा रही त्यस्तो व्यक्तिलाई सदस्यता प्रदान गर्न सकिनेछ। तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा संस्थाका दुई जना सदस्यको लिखित सिफारिस साथ निर्धारित ढाँचामा दरखास्त दिनु पर्नेछ। दरखास्तमा आफ्नो क्षमता अनुरुप नियमित बचत गर्न उल्लेख गर्नु पर्नेछ। यसको साथै तल उल्लेख भएको व्यक्तिहरू पनि सदस्य हुन सक्नेछन्-

१) संस्था दर्ताका लागि रजिस्टार समक्ष निवेदन दिने व्यक्तिहरु,

२) गर्ने संस्था दर्ता भइसकेपछि सदस्यता प्राप्त गर्ने व्यक्तिहरु,

**९. सदस्यताको लागि योग्यता :**

संस्थाको सदस्य हुन निम्न योग्यता पुगेको हुनु पर्नेछ-

१) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्ने,

२) नैतिक पतन देखिने गरि फौजदारी अभियोगमा अदालतबाट सजाय नभएको हुनुपर्ने,

३) मगज नबिग्रिएको हुनुपर्ने,

४) दामासाहीमा नपरेको हुनुपर्ने,

५) संस्थाको कार्यक्षेत्र भित्र एक वर्षभन्दा बढी समयदेखि बसोबास गरेको हुनुपर्ने,

६) कम्तिमा एक थान शेयर खरिद गरेको हुनुपर्ने र समान प्रकृतिको अर्को सहकारी संस्थाको सदस्यता नलिएको हुनुपर्ने,

७) सदस्यहरुका बिच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्य भनी विभेद गरिने छैन।

८) संस्थाको सदस्यता लिनको लागि सञ्चालक समितिबाट निर्धारित गरेको खरिद गर्ने शेयरको रकम र प्रवेश शुल्क संकलन गरी सञ्चालक समिति समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। यस्तो निवेदन पर्न आएमा सञ्चालक समितिले संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्नेछ। सो समितिले सदस्यता नदिने निर्णय गरेमा साधारण सभा समक्ष निवेदन दिन सकिनेछ। सो निवेदन उपर साधारणसभाले गरेको निर्णय अन्तिम हुनेछ।

९) समान प्रकृतिको अर्को सहकारी संस्थाको सदस्यता नलिएको हुनुपर्नेछ राजीनामा दिई संस्थाको सदस्यता समाप्त भएको सदस्यले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एक वर्षपछि मात्र निवेदन दिन सक्नेछ।

**१०. सदस्यताको लागि निवेदन र प्राप्तिः** यस विनियमको दफा ९ बमोजिम योग्यता पुगेका व्यक्तिहरुबाट तोकिएको ढाँचामा प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ  गरी स्वीकृत भएपछि निवेदकले दफा २३ बमोजिम प्रवेश शुल्क वापत रु. ५०० बुझाई संचालक समितिको निर्णय अनुसार सदस्यता प्रदान गरिनेछ . र यो रकम कुनै पनि अवस्थामा फिर्ता हुने छैन। यसरी सदस्यता प्राप्त गर्नेलाई दफा २५ बमोजिमको शेयर प्रमाणपत्र प्रदान गरिनेछ ।

**११. सदस्यताको अन्त्य :**

देहायको अवस्थामा संस्थाको सदस्यता अन्त्य हुनेछ —

१) तोकिएको अवधिभित्र शेयर पूरा रकम चुक्ता नगरेमा,

२) सदस्यको मृत्यु भएमा,

३) मगज बिग्रिएको प्रमाणित भएमा,

४) राजिनामा स्वीकृत भएमा,

५) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा,

६) सदस्यताबाट निष्कासन भएमा,

७) संस्था विघटन वा खारेजीमा परेमा,

८) समान प्रकृतिको अर्को सहकारी संस्थाको सदस्यता लिएको प्रमाणित भएमा,९) ६ महिनासम्म संस्थामा पूर्ण निष्क्रिय अवस्थामा रहेमा।

**१२. सदस्यताबाट निष्काशन :**

देहायमा उल्लेख भए बमोजिमको अवस्थामा संचालक समितिको निर्णय अनुसार कुनै सदस्यलाई सदस्यताबाट निष्कासन गर्न सकिनेछ —

१) संस्थाको सञ्चालन र प्रगतिमा हामी हुने कुनै किसिमको कार्य गरेमा वा संस्थाको रकम हिनामिना गरेमा।

२) संस्थाको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आंच आउने काम गरेमा।

३) यसरी निष्कासन गर्नु अघि सदस्यहरुलाई सफाई पेस गर्न ३५ दिनको म्याद दिइने छ। सफाई चित्ता नबुझी सञ्चालक समितिले निष्कासन गरेमा साधारण सभा समक्ष उजुर गर्न सकिने छ र साधारण सभाको निर्णय अन्तिम हुनेछ।

**१३. सदस्यताबाट राजीनामा :**

१. सदस्यले सदस्यता छाड्नको लागि संचालक समिति समक्ष लिखित राजीनामा दिनुपर्नेछ। यसरी दिएको राजीनामा सञ्चालक समितिले स्वीकृत गरेपछि सदस्यको सदस्यता समाप्त भएको मानिनेछ। तर सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण चुक्ता गर्न बाँकी रहेको खण्डमा सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन।

२. संस्थाको कुल शेयर पूँजीको १५% भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा राजिनामा दिने मितिले एक महिना अगाडि लिखित सूचना दिनुपर्नेछ।

३. संस्था दर्ता हुन चाहिने सदस्य संख्या भन्दा (३० जना) कम हुने गरी सदस्यहरूको राजीनामा स्वीकृत गरिने छैन।

**१४. पुनः सदस्यता** : विनियमको दफा ११ वमोजिम सदस्यताको अन्त्य भएका सदस्यहरुले पुनः सदस्यता लिन चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्षपछि दफा ९ बमोजिम योग्यता पुगेको अवस्थामा पुनः सदस्यता दिन सकिनेछ ।

**१५. सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

२) साधारणसभावाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिन सरिक हुने ।

३) संस्थामा नियमित रुपमा बचत गर्ने र सो मा निर्धारित व्याज प्राप्त गर्ने ।

४) संस्थाको बचत तथा ऋण आन्तरिक कार्यविधिको आधारमा ऋण प्राप्त गर्ने र सो को किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

५) सदस्य एवं समुहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुर्याउने ।

६) संस्थाको साधारणसभामा सहभागीभई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका वारेमा सुझाव वा प्रश्न गर्ने ।

७) साधारणसभाले गर्नुपर्ने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

८) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग गर्ने ।

९) सहकारीका प्रचलित कानुन र सर्वमान्य सिद्दान्तबमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियमबमोजिम संस्था शुद्दीकरणको अभियानमा क्रियाशील हुने ।

**१६. सदस्य खुला रहनेः** सहकारीका मूल्य, मान्यता, सिद्दान्त र साझा बन्धनका आधारमा विनियममा उल्लेखित योग्यता पुगेको व्यक्तिहरुको लागि सदस्यता प्राप्ति र अन्त्य सधै खुला रहनेछ ।

**१७. सदस्यता प्राप्ति, पुनः प्राप्ति, र राजीनामा** स्वैच्छिक हुनेः यस संस्थाको सदस्यता प्राप्ति, पुनः प्राप्ति, र राजीनामा कुनै किसिमको डर, धाक, धम्की, पुर्वाग्रह वा प्रलोभनका आधारमा नभई सदस्यको स्वतन्त्र विवेकको आधारमा हुनेछ ।

**१८. सदस्यताको दर्ता किताब :** समितिले सदस्यहरूको दर्ता किताब अनुसूची ४ बमोजिमका कुराहरु उल्लेख हुने गरी खडा गरी राख्नु पर्नेछ।

## परिच्छेद - ४
## शेयर पूँजी

**१९. शेयर पुँजी :**

१) यस सहकारी संस्थाको कुल पूँजी १,००,००,००० हुनेछ।संस्थाको पुँजी संकलनका लागि प्रति शेयर रु १०० को १,००,००० थान शेयर जारी गरिने छ।

२) संस्थाको कुल चुक्ता शेयर पूँजीको २०% नबढाई सदस्यहरुले जतिसुकै शेयर पनि लिन सक्नेछन् ।

३) एक थान शेयर भन्दा बढी शेयर खरीद गर्न चाहेमा अन्य शेरका किस्ताबन्दीमा खरिद गर्न सकिने छ।

४) संस्थाले शेयर खरीद बिक्री गर्दा सार्वजनिक रुपमा आह्वान गर्ने छैन ।तर सहकारीताको विकासमा सहयोग पुग्ने गरी सूचनाहरु प्रकाशन गर्न वाधा पुग्ने छैन।

५) यस प्रारम्भिक सहकारी संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन।तर ससहकारीताको सिद्दान्त बमोजिम सहकारी संस्थाहरु बिच आपसी सम्झौता बमोजिम संयुक्त रुपमा कुनै कार्यक्रम संचालन गर्न वा संस्थाको हितका लागि आर्थिक कारोबार गर्न सकिनेछ ।

६) संस्थाले दफा ८ को उपदफा २ मा उल्लेख भएबमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारका पूर्ण स्वामित्वमा रहेका निकायहरु वा प्रचलित कानुनबमोजिम स्थापित संघ संस्थालाई शेयर विक्री गर्न सक्नेछ । तर अन्य कुनै कृत्रिम व्यक्तिलाई शेयर विक्री गर्ने छैन ।

७) संस्थाले सहकारी तथा अन्य वित्तीय  तथा बैंक, सहकारी संघहरु, कम्पनीको शेयर खरिद गर्दा संस्थाको कुल शेयर पुँजीको २० प्रतिशतमा नबढ्ने गरी प्राथमिक शेयर मात्र खरिद गर्न सकिनेछ । तर सहकारीले खोलेको आफ्नो बिषयसंग सम्वन्धित् उद्योगमा लगानी गर्न बाधा पर्ने छैन ।

८) समितिले संकलित पुँजीको आधारमा उपोरोक्तानुसारको कुल पुँजीमा साधारणसभाबाट अनुमोदन गराउने गरी पुँजी वृद्धि गर्दै लान सक्नेछ शेयरपुँजी वृद्धिको निर्णयको जानकारी सम्बन्धित् कार्यालयमा गराउनु पर्नेछ ।

**२०. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नु पर्नेः** कुनै पनि व्यक्तिले यस संस्थाको सदस्य बन्नका लागि कम्तीमा एक शेयर खरिद गर्नुपर्नेछ ।

**२१. थप शेयर खरिद गर्न सक्नेः** संस्थाको शेयर सदस्यले कम्तीमा एक कित्ता देखि अधिकतम कुल शेयर पूंजीको २० न बढ्ने गरी शेयर खरिद गर्न सक्नेछ ।

**२२. शेयर फिर्ता वा हस्तान्तरणः**

१) कुनै सदस्यले संस्थाबाट राजीनामा दिई राजीनामा स्वीकृत भएपछि निजको शेयर रकम फिर्ता गरिनेछ।

२) कुनै सदस्यले आफ्नो पूरा वा आंशिक शेयर हस्तान्तरण गर्न चाहेमा सदस्य भित्र मात्र हस्तान्तरण गर्न सक्नेछ हस्तान्तरण गर्न सञ्चालक समितिको स्वीकृति लिन आवश्यक पर्नेछ।

३) कुनै सदस्यको राजीनामा स्वीकृत भएमा निजले लगानी गरेको शेयर रकम लेखापरीक्षण पछिमात्र क्षति बचत (नाफा/घाटा) बाफत पाउनुपर्ने रकम समेत हिसाब गरी दिइनेछ।

४) संस्थामा कुनै निकायले लगानी गरेको शेयरको शेयर रकम संस्था सक्षम हुँदै गएपछि क्रमिक रुपमा फिर्ता गर्दै जानेछ।

**२३. प्रवेश शुल्कः** कुनै व्यक्ति वा संघ संस्थाले यस सहकारी संस्थाको सदस्यता लिन चाहेमा पछि फिर्ता नहुने गरी रु ५००/ (अक्षेरुपी पांच सय रुपैयाँ) मात्र प्रवेश शुल्क वापत बुझाउनु पर्नेछ । संस्थाले सदस्य विमा अर्थात् स्वयं सदस्यकै अन्य कल्याकारिणी कार्यको लागि सदस्यता प्रदान गर्दाका बखत मात्र सदस्यता कायम रहने अवधिभर सेवा प्रदान गर्ने र फिर्ता नहुने गरी बढिमा रु १५०० (अक्षेरुपी एक हजार पाँच सय) मात्र लिन सक्नेछ ।

**२४. कृत्रिम छेकवार नलगाइनेः**

१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्ति वा संघ संस्थालाई दफा ९ को उपदफा १ बमोजिम योग्यता नपुगेको वा उपदफा २ मा उल्लेखित अवस्था भएकोमा बाहेक दफा २० बमोजिम एक शेयर खरिद गर्न वा दफा २३ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढि राखेर वा औपचारिक रुपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्दान्तविपरित कृत्रिम छेकवार लगाइने छैन ।

२) कुनै निवेदकले उपदफा १ बमोजिम आफुलाई कृत्रिम छेकवार लगाइएको भेन्न लागेमा साधारणसभा वा दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

**२५. शेयरको प्रमाण-पत्र :** संस्थाले सदस्यहरुलाई शेयर लिएबापत संस्थाको छाप लागेको शेयर प्रमाणपत्र दिइनेछ र सो प्रमाण पत्र हराएमा वा नासिएमा रु १०० तिरी अर्को प्रमाणपत्र लिन सक्नेछ । यस्तो प्रमाण-पत्र अनुसूची २ मा उल्लेख भएबमोजिम हुने छ।

**२६. सदस्यको दायित्व :**

१) सदस्यको दायित्व आफूले लिएको शेयर रकम सम्म मात्र सीमित हुनेछ।

२) संस्थाको विनियमको पालन गर्ने सम्पूर्ण सदस्यहरूको दायित्व हुनेछ।

## परिच्छेद - ५
## संस्थाको सभा र कार्य सञ्चालन विधि

**२७. प्रारम्भिक साधारण सभाः**

१) संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाइने छ।

२) उपदफा क बमोजिम प्रारम्भिक साधारण सभा नबोलाइएको अवस्थामा सम्बन्धित दर्ता निकायमा निवेदन दिन सक्नेछ र सहकारी ऐन नियम अनुसार प्रारम्भिक साधारण सभा बोलाइने छ।

३) संस्थाको कुल सदस्य संख्याको ५१% सदस्यहरु उपस्थिति भएमा प्रारम्भिक साधारण सभा सञ्चालन गर्न गणपुरक संख्या पुगेको मानिने छ।

४) प्रारम्भिक साधारण सभाले देहायको कार्यहरु गर्ने छ —

अ) सभाको सभापतिको चयन गर्ने,

आ) अघिल्लो दिन सम्म संस्थाको काम कारबाहीको हाल हिसाबको जानकारी लिने,

इ) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र निर्देशन दिने,

ई) विनियममा तोके बमोजिमको स्थायी संचालक समिति र लेखा समितिको चयन गर्ने,

**२८. बार्षिक साधारण सभा ः**

१) शेयर खरिद गरेका संस्थाका सदस्यहरुको मात्र भएको एक साधारण सभा हुनेछ यो सभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बोलाउनु पर्नेछ। यस साधारण सभाबाट सञ्चालक समिति र लेखा समितिको चयन गरिने छ।

२) साधारणसभा गर्नका लागि कम्तिमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोली सदस्यहरुलाई सूचना दिनु पर्नेछ।

३) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तिमा ५१% हुनेछ। तर पहिलो पटक डाकिएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको

७ दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एकतिहाइ साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिने छ।

४) वार्षिक साधारणसभाको सभापतित्व समितिका अध्यक्षले गर्नेछन् र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थिति भए उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेका सदस्यले सभापतित्व गर्ने छन्।

५) प्रस्तावका विषयमाथि छलफल गर्दा सभामा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिने छ। तर मत बराबर भएमा सभापतिले निर्णयक मत दिनेछन्।

**२९. विशेष साधारणसभा :**

१) ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिमको अवस्था र विधि अनुसार संस्थाको विशेष साधारणसभा बस्नेछ ।

२) उपदफा १ को अवस्थाको साथै संस्थाको कार्यसंचालनका सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्दान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अबस्थामा समितिले विशेष साधारणसभा बोलाउन सक्नेछ ।

**३० साधारणसभाको बैठकः**

१) साधारणसभाको बैठक डाकिएको समयमै प्राप्त गर्ने गरि एस एम एस, एफ एम, रेडियो, पत्रपत्रिका लगायत सम्भब भएसम्म स्थानीय संचारका बहुमध्यामबाट दिनुपर्नेछ ।

२) साधारणसभाको बैठकमा सदस्यहरु साक्षात उपस्थित हुनु पर्नेछ ।

३) समितिले साधारणसभाको बैठकमा केश गर्ने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिन अगावै यथाशक्य उपलब्ध गराउनु पर्दछ वा सजिलै उपलब्ध हुनसक्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

४) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या दुइ हजार नाघेपछि एकै स्थानमा सबैजना जम्मा भएर साधारणसभाको बैठक गर्न असुविधा भएमा प्रत्यक स्थानीय तहमा पायक पर्ने स्थानमा समान कार्य सुची राखी साधारणसभा डाक्नु पर्नेछ यसरी साधारणसभा आयोजना गर्दा प्रत्येक स्थानमा संचालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु सबैलाई उपस्थितिको लागि सूचना गर्नु पर्दछ ।

५) साधारणसभाको बैठकको संचालन, निर्णय प्रक्रिया र प्रमाणिकरण बैठक संचालन कार्यविधिमा तोकियबमोजिम हुनेछ ।

६) साधारणसभाको बैठकको कार्यविधि सहकार्यमा अन्य दर्ता गर्ने अधिकारीले तोके बमोजिम हुनेछ।

**३१. साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ —

१) संचालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन गर्ने र अध्यक्षले राजीनामा दिएमा स्वीकृत गर्ने,

२) बिनियम संशोधनमाथि स्वीकृत गर्ने,

३) हिसाबकिताब र मिनाह सम्बन्धमा स्वीकृत गर्ने,

४) बजेट स्वीकृति गर्ने र वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

५) सदस्य निष्कासन सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णयको स्वीकृति गर्ने,

६) अध्यक्षले निर्णय गरेको विषयमाथि छलफल गरी स्वीकृति गर्ने,

७) सञ्चालक समितिको सिफारिसअनुसार लाभांश वितरणको निर्णय गर्ने,

८) केन्द्रीय वा जिल्ला सङ्घको प्रतिनिधित्व गर्ने सदस्य निर्वाचन गर्ने,

९) संस्थाको आर्थिक तथा प्रशासनिक नियम स्वीकृति गर्ने,

१०) लेखा परीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने,

**३२. साधारण सभाको निर्णय अनिवार्य हुनेः** यस विनिमयमा जे सुकै कुरा लेखिएको भएतापनि देहाएको विषयमा साधारणसभाको निर्णय अनिवार्य हुनेछः

१) संस्थाको कार्य संचालनको लागि मानव श्रोत व्यवस्थापन, आर्थिक प्रशासन, परामर्शदाता निउक्ति लागायतका आवश्यक कार्यविधिहरु बनाउने,

२) संस्थाले नेपाल सरकार, प्रदेश सरकार, र स्थानीय तहका निकाय कन्य सहकारी संघ संस्था, गैरसरकारी संघ संस्थासँगको साझेदारीमा कुनै काम गर्ने सहकार्यमा निर्णय लिने,

३) निजि क्षेत्रको कुनै उधोग, व्यापार, व्यावसायसंग संस्थाले व्यावसायिक  सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत पुर्व स्वीकृति दिने,

४) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्य दीर्घकालीन भैपरी दायित्व सिर्जना गर्ने,

५) बचत तथा ऋणको व्याजदर निर्धारण गर्ने,

६) लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने,

७) बार्षिक कार्यक्रम, बजेट तथा अन्य योजना, नीति र रणनीति पारित गर्ने,

८) संचालक वा लेखा सुपरिवेक्षण  समिति वा शेयर सदस्यहरुको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरुलाई देश विदेशमा हुने सभा, व्यापारमेला, वा अवलोकन भ्रमणमा पठाउने ।

**३३ . गाउँ/टोल/उप क्षेत्रीय बैठक कार्य व्यवस्था :**

१) संस्थाका समस्त क्रियाकलापमा साधारण सदस्यहरु सबैको नियमित रुपमा प्रत्यक्ष एवं रचनात्मक सहभागितामा सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारणतया ३० हजनाभन्दा बढी सदस्य पर्ने पायकको

गाउँ/टोल/उप क्षेत्रमा संकलन वितरण र परिचालन सेवा सयोजकको विन्दु पारेर साधारणसभाबाट तोकिए अनुसारको उपक्षेत्र कायम गरिनेछ ।

२) उपदफा १ बमोजिम कायम गरिएको प्रत्यक गाउँ/टोल/उप क्षेत्रीय बैठकका कार्यहरु सबैजना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मंचको रुपमा उक्त बैठक रहनेछ ।

३) गाउँ/टोल/उप क्षेत्रीय बैठकले संस्थाको विनियम, कार्यविधिहरु, साधारणसभा र संचालक समितिका निर्णय र निर्देशनहरु कार्यान्वयन साथै परिधि भित्र रहि कार्य गर्नु पर्नेछ ।

४) गाउँ/टोल/उप क्षेत्रीय बैठकको कार्यव्यवस्थाका लागि त्यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने संचालक सदस्य वा समितिले तोकेको संचालक मध्य एक जना संयोजक रहने गरी आबश्यक परेका बखत सदस्यहरुबाट एकजना कोषाध्यक्ष , एकजना सदस्य र एकजना सदस्य सचिव रहेको संयोजन समिति बनाउन सकिनेछ ।

५) बैठक वस्नु पुर्व संचालक समितिलाई बैठकमा छलफल गरिने प्रस्तावहरु, समय, स्थानको बारेमा जानकारी गराउनु पर्नेछ . तर नियमित छलफलका विषयमा भने बैठक पश्चात संयोजक मार्फत समितिको बैठकमा अनिवार्य जानकारी गराउनु पर्नेछ . बैठक संचालन, काम, कर्तव्य, सम्वन्धि अन्य व्यवस्था बैठक संचालन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## प्रतिनिधिमुलक अङ्गहरु

**३४. संचालक समिति :** १) साधारणसभाले ११ जना सदस्य भएको एउटा सञ्चालक समिति निर्वाचित गर्नेछ। साधारण सदस्यहरुबाट समेटेको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरुप गरिने छ। जसमा एकजना अध्यक्ष एकजना उपाध्यक्ष एकजना सचिव एकजना कोषाध्यक्ष एकजना सहसचिव र अन्य ७ जना सदस्यहरु रहने छन्।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरूको निर्वाचन साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट गरिनेछ। तर संस्था दर्ता भएकै वर्षबाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा कम्तीमा एकजना पदाधिकारी सहित ३३ प्रतिशत महिला निर्वाचित हुने प्रबन्ध मिलाउनु पर्नेछ।

(४) सञ्चालकहरूको पदावधि चार वर्ष हुनेछ तथा उनीहरू पुनःनिर्वाचित हुन सक्नेछन् । तर एकै व्यक्ति लगातार दुईपल्टभन्दा बढी एउटै पदमा निर्वाचित हुन सक्ने छैन ।

(५) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि साधारणसभाबाट उपनिर्वाचन गरी पूर्ति गरिनेछ ।

(६) उपदफा (५) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरू मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ ।

८) साधारणसभा र निर्वाचन सम्वन्धि अन्य व्यवस्था संस्थाले निर्माण गरेको साधारणसभा सम्वन्धि आन्तरिक कार्यविधि अनुसार हुनेछ ।

**३५. संचालक समितिको काम, कर्तव्य र अधिकार :** सदस्यहरूको हितलाई ध्यानमा राखी समितिले निम्नलिखित अधिकार प्रयोग गर्न सक्नेछ —

१) नयाँ सदस्यता प्रदान गर्ने, स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने,

२) बाह्य संस्थामार्फत ऋण लिने वा बाह्य संस्थालाई ऋण दिने सम्बन्धी नीति तर्जुमा गर्ने,

३) हर हिसाब सम्बन्धी विवरण प्रमाणित गर्ने उपसमितिको गठन र विघटन गर्ने,

४) संस्थाको बचत र सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

५) संस्थाको प्रशासनिक कार्य गर्न कर्मचारी नियुक्ति गर्ने, साधारणसभाले अख्तियार गरेका अन्य कार्यहरु गर्ने,

६) वार्षिक लेखापरिक्षण गराई सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने,

७) विनियममा व्यवस्था भएबमोजिम प्रक्रिया अनुरूप साधारण सभा बोलाउने,

८) संस्थाको लागि चल अचल सम्पत्ति खरिद बिक्री गर्ने तथा रेखदेख गर्ने,

९) संस्थाको योजना र वार्षिक बजेट साधारण सभामा अनुमोदनका लागि पेश गर्ने ।

**३६. संचालक समितिको बैठक :** सञ्चालक समितिको बैठक प्रत्येक महिनामा अनिवार्य रुपमा बस्नेछ।

१) समितिको २ बैठक बिच ४५ दिनको भन्दा बढीको अन्तर हुनु हुँदैन। बैठक अध्यक्ष निर्देशन अनुसार तोकिएको मिति, स्थान र समयमा सचिवले समितिको बैठक बोलाउने छ। बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

२) अध्यक्ष एवं उपाध्यक्ष नभएको हकमा गणपूरक संख्या ५१% पुगेमा सदस्यहरूको बहुमतबाट छानिएको सदस्यले अध्यक्षता गरी छलफल गरेर विभिन्न विषयमाथि निर्णय गर्न सक्नेछ।

३) समितिको बैठकमा कुनै सूचना बिना लगातार तीन (३) पटकसम्म अनुपस्थित भएमा सञ्चालक समितिले निजलाई पदबाट हटाउन सक्नेछ।

**३७. लेखा सुपरिवेक्षण समिति :**

१) साधारण सभाद्वारा १ जना संयोजक २ जना सदस्य भएको ३ जनाको लेखा सुपरिवेक्षण समिति गठन गरिनेछ ।

**२)** उपदफा १ बमोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट निर्वाचन गरिनेछ।

३) उपदफा १ बमोजिमको लेखा सुपरिवेक्षण समितिको पदावधि तथा रिक्त पदपूर्ति व्यवस्था संचालक सरह हुनेछ ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :** लेखा सुपरिवेक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ —

१) संस्थाको लेखा सम्बन्धी हिसाब किताबको जाँदा सोही संस्थाको आन्तरिक लेखापरीक्षण शाखा बाट गराउने लेखापरीक्षण शाखा नभएमा कर्मचारी वा सदस्यबाट गराउने।

२) आन्तरिक लेखा परीक्षणबाट औंल्याइएको तथा समस्याहरु त्रुटि तथा समस्याहरु र सुझावबारे अध्ययन गरी सोको सुधार गर्न सञ्चालक समितिमार्फत कारबाही चलाउने।

३) साधारण सभामा सम्वन्धी वार्षिक प्रतिवेदन पेश गर्ने प्रतिवेदनमा खातापाता, लेखा सम्बन्धी अभिलेख र आर्थिक अनुशासन, हिनामिना, पेश्की आदि बारे उल्लेख गर्ने ।

४) लेखा सम्बन्धी काम कारवाहीका कागज पत्रहरु प्रमाणित गर्ने।

५) विशेष साधारण सभा बोलाउनुपर्ने ठोस कारण सहित सञ्चालक समिति समक्ष सुझाव पेश गर्ने।

**३९. संचालक समिति वा लेखा सुपरिवेक्षण समितिको पदमा वहाल रहन नसक्ने अवस्थाः**

१) विनियमको दफा ११, १२, र १३ मा उल्लेखित शर्त तथा अवस्थाको प्रतिकूल भएमा कुनै पनि सदस्यहरु यस संस्थाको समिति र लेखा सुपरिवेक्षण समितिको पदमा बहाल रहन सक्ने छैनन्।

२) दफा २२ अनुसारको स्थिति सिर्जना भएमा,

३) विना सूचना ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा,

४) समितिका सदस्य सोही संस्थाको कर्मचारी भइ काम गरेमा,

५) ६ महिना भन्दा बढि समयका लागि विदेश बस्ने गरी गएमा,

६) समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य भएको प्रमाणित भएमा,

७) अध्यक्ष बाहेक अन्य पाधकरीले अध्यक्ष समक्ष दिएको राजीनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारणसभाले निजको राजीनामा स्वीकृत गरेमा,

८) उपदफा ६ को हकमा निर्णय लिनुअघि निजलाई सफाइको मौका वा माफीको समय सीमा प्रदान गर्नुपर्नेछ ।

**४०. उप-समितिहरुको गठन :**

अ) संस्थाको उद्देश्य हासिल गर्न तथा संस्था प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न विभिन्न उपसमितिहरु गठन गर्न सकिनेछ।

१) बचत परिचालन उप समिति

२) ऋण परिचालन उपसमिति

३) शिक्षा, तालिम तथा अध्यन अबलोकन उपसमिति

४) आर्थिक उपसमिति

५) सेवाकेन्द्र संचालन उपसमिति

६) मानव श्रोत व्यवस्थापन उपसमिति

७) निर्वाचन उपसमिति

८) विनियमको दफा ७ बमोजिमका संचालन भएका व्यवसाय संग सम्बन्धित व्यवसायगत उपसमितिहरु ।

**आ)** संचालक समितिले गठन गर्ने उपसमितिका विषयगत र व्यवसायगत काम क्रियाकलापलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि प्रत्यक विषय र व्यवसायको अलग अलग संचालन कार्यविधिहरु बनाइनेछ ।

**इ)** दफा ४० को उपदफा (अ) बमोजिम गठन हुने उपसमितिहरुको गठन, पदावधि, बैठक, काम, कर्तव्य र अधिकारको व्यवस्था दफा ४० को उपदफा (आ) बमोजिमको कार्यविधिमा व्यवस्था भएबमोजिम हुनेछ।

## ४१. प्रतिनिधिमुलक साधारणसभा तथा अधिवेशनको व्यवस्थाः

अ) शेयर सदस्य संख्या २००० वा सो भन्दा बढि भएको अबस्थामा बार्षिक साधारणसभा वा अधिवेशन प्रतिनिधिमुलक गर्न सकिनेछ . प्रतिनिधिमुलक साधारणसभाका लागि प्रतिनिधि चयन बार्षिक नीति तथा कार्यक्रम, बजेट र आन्तरिक कार्यविधि लगायतका प्रस्तावमा छलफल तथा निर्णय गर्नका लागी निम्नलिखित कार्यविधि अपनाई सेवाकेन्द्र वा सदस्यको संख्यालाई आधार मानी एकाइ स्तरमा प्राइमेरी साधारणसभा बस्नु पर्नेछ ।

१) साधारणसभाका लागि तोकिएको मिति भन्दा कम्तिमा ३ दिन अगावै नै सकिने गरि सेवाकेन्द्र स्तरमा प्राइमेरी साधारणसभा बस्नु पर्नेछ ।

२) प्राइमेरी साधारणसभाको मिति, समय, स्थान सहितको कार्यतालिका संचालक समितिले कम्तिमा १५ दिन अगावै सार्वजनिक गर्नु पर्नेछ ।

३) कम्तिमा २०० सदस्य भएका सेवाकेन्द्र वा एकाइहरुमा मात्र प्राइमेरी साधारणसभा बस्नु पर्नेछ ।

४) प्राइमेरी साधारणसभाले संचालक समितिले तय गरे बमोजिमको प्रस्ताव, बार्षिक नीति तथा कार्यक्रम, बजेट र आन्तरिक कार्यविधिहरु प्रस्तुत, छलफल र सुझाव संकलन बार्षिक साधारण सभा तथा अधिवेशनका लागि प्रतिनिधिहरु चयनको कार्य गर्नेछ ।

५) बार्षिक साधारणसभा तथा अधिवेशनका लागि प्रतिनिधिहरी चयन गर्दा सदस्य संख्याको आधारमा प्रतिनिधि संख्या चयन गरिनेछ २ हजार देखि १० हजार सदस्य संख्या भएमा २० प्रतिशत, २० हजार देखि २० हजार सम्म संख्या भएमा थप १० प्रतिशत र सो भन्दा बढि सदस्य संख्या भएमा थप ५ प्रतिशत हुने गरी साधारणसभाका लागि प्रतिनिधिहरु चयन गरिनेछ ।

६) प्राइमेरी साधारणसभाबाट प्रतिनिधि छनौट गर्दा सकेसम्म सर्वसम्मत र सो हुन नसकेमा लोकतान्त्रिक विधिबाट गरिनेछ । यसरी चयन भएका प्रतिनिधिहरुलाई साधारणसभाका प्रस्तावहरुमा छलफल गर्ने, आफ्नो मत प्रकट गर्ने, निर्णय प्रक्रियामा भाग लिने र चुन्ने, चुनिने सहितको अधिकार हुनेछ ।

७) साधारणसभाको प्रक्रिया समाप्त भएपछि प्रतिनिधिहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

८) जम्मा प्रतिनिधि संख्याको ५१ प्रतिशत बार्षिक साधारणसभाको गणपुरक संख्या हुनेछ ।

९) प्रतिनिधिमुलक साधारणसभाको अन्य व्यवस्था साधारणसभाक संचालन सम्वन्धि कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## कार्यसंचालन

**४२. उत्तरदायित्व शृंखलाः** यस संस्थाको कार्य संचालनमा निउक्त कर्मचारीहरु निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरु साधारणसभातर्फ उत्तरदायी रहनेछन् ।

**४३. संचालकहरुको काम कर्तव्य र अधिकार-**

**१) अध्यक्ष काम कर्तव्य र अधिकार :**

क) साधारण सभाको अधिवेशन तथा समितिको बैठकमा अध्यक्षता गर्ने,

ख) संस्थाको चल अचल सम्पत्तिको रेखदेख संरक्षण र नियन्त्रण गर्ने गराउने,

ग) पदाधिकारी तथा सदस्यहरूको कामको बाँडफाँड गर्ने निर्देशन र राजीनामा स्वीकृत गर्ने,

घ) संस्थाको काम कारबाहीको सम्बन्धमा आवश्यकताअनुसार अन्य संघसंस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने,

ङ) साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भए मत बराबर भएमा निर्णयक मत दिने,

च) संस्थाको हित हुने खालका हरेक क्रियाकलापहरु संचालन गर्ने गराउने,

**२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

क) अध्यक्ष काममा सहयोग पुर्याउने,

ख) अध्यक्षले लिखितरुपमा प्रत्यायोजित गरेका वा तोकेका कामहरु गर्ने,

ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने,

३) **सचिवको काम कर्तव्य र अधिकारः**

क) अध्यक्ष निर्देशनअनुसार साधारण सभाको अधिवेशन तथा समितिको बैठक बोलाउने

ख) साधारण सभा तथा समितिद्वारा पारित नियमहरु कार्यान्वयन गर्ने गराउने,

ग) साधारण सभाको बैठक र समितिको बैठकको कार्यसूची गर्ने, सूचना निकाल्ने, बैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

घ) साधारण सभाबाट निर्णय गर्नुपर्ने कुनै विवादास्पद निर्णयहरु भए पुनः छलफल एवम् निर्णयको लागि पेश गर्ने,

ङ) साधारण सभा र समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने र गराउने,

च) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने,

छ) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयं संलग्न रहे प्रबन्ध निरीक्षण, निर्देशन दिने,

ज) कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने,

४) **कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

क) संस्थाको आर्थिक कारोबार सम्बन्धी जिम्मा लिने,

ख) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार राख्ने राख्न लगाउने,

ग) साधारण सभा तथा समितिले मागेका बखत संस्थाको दैनिक कार्य बाद संगै सम्बन्धित विवरण उपलब्ध गराउने,

घ) साधारण सभा तथा समितिसमक्ष आर्थिक प्रतिवेदन एवं आगामी आर्थिक वर्षको बजेट पेश गर्ने,

ङ) संस्थाको कोषमा वृद्धि गर्ने तर्फ प्रयत्नशील रहने,

च) संस्थाको आर्थिक कारोबारको संचालन रेखदेख नियन्त्रण र निर्देशन दिने,

छ) संस्थाको चल अचल सम्पत्तिको रेखदेख संरक्षण सम्वर्द्धन र नियन्त्रण गर्ने,

ज) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कामहरु गर्ने गराउने।

**५) संचालक सदस्यको काम कर्तव्य र अधिकार :**

क) संचालक समितिको बैठकमा नियमित रुपमा सहभागी हुने

ख) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग गर्ने

ग) साधारणसभाको निर्णय अनुसार विभिन्न उपसमितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने

घ) बैठकबाट गरिने निर्णयहरु संस्थाको हितका लागि हुनुपर्ने विषयमा सजग हुने

ङ) सहकारीका सर्वमान्य सिद्दान्तहरु, सहकारी ऐन, नियम, संस्थाको स्वीकृत विनियम र अन्य नीति तथा कार्यविधिहरुको बर्खिलाप हुने गरी संस्था संचालन हुन् नदिने

च) संस्थाले संचालन गरेको क्षमता विकास सम्वन्धि तालिम तथा गोष्ठीहरुमा भाग लिने

**४४. व्यवस्थापकको नियुक्तिः** संस्थाको दैनिक प्रशासन कार्य संचालन गर्न सञ्चालक समितिले एकजना व्यवस्थापक नियुक्ति गर्नेछ तर संस्थामा पदाधिकारि मध्यबाट पनि कार्यकारी भै दैनिक कार्य संचालन गर्न बाधा पुग्ने छैन **(**१ करोड भन्दा कम पुजी भएमा मात्र **)**

**४५. व्यवस्थापकको तथा काम कर्तव्य र अधिकार :**

१) अध्यक्षको नियन्त्रणमा रही संस्थाको हितमा कार्यक्रमहरू तथा व्यवसाय संचालन गर्नेछ।

२) साधारण सभा सञ्चालक समिति वा उप समितिको सचिवको कार्य गर्ने, अध्यक्षको स्वीकृती लिई बैठक बोलाउने।

३) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेश गर्ने।

४) संस्थाको कार्यक्रमहरु तथा सञ्चालक समिति वा साधारण सभाबाट भएका अन्य निर्णयहरूको कार्यान्वयन गराउने।

५) संस्थाको तर्फबाट नगद कागजात वा सेक्यूरिटीहरु प्राप्त गर्ने तथा तिनीहरूको सुरक्षा मिलाउने।

६) संस्थाको हर हिसाबको लेखा ठिक र सही तरिकाले राख्न लगाउने र प्रमाणित गर्ने ।

७) स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने र बजेटको परिधिभित्र रही खर्च गर्ने।

८) संस्थाको आर्थिक कारोबार तथा बैंक खाता सञ्चालन गर्ने तथा आर्थिक कारोबार सम्बन्धी आवश्यक पर्ने भरपाई कागजहरु प्रमाणित गर्ने।

९) सञ्चालक समितिको निर्णयअनुसार वा समितिले तोकिदिएको कुराहरुमा संस्थाको तर्फबाट सम्झौता पत्र तथा कागजातहरुमा सही गर्ने।

१०) विनियममा व्यवस्था तथा साधारण सभा र सञ्चालक समितिका निर्णयहरूको परिधिभित्र रही संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारु रुपले संचालन गर्न आवश्यक हुन आउने अन्य कार्यहरु गर्ने।

**४६. विशेष जिम्मेवारीः** सामितिका अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लिखित काम, कर्तव्य, र अधिकारका साथै सम्पत्ति शुद्दीकरण निवारण कानुन अन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने/गराउने विशेष जिम्मेवारी समेत वहन गर्नुपर्नेछ

**४७. कर्मचारीको नियुक्ति तथा सेवाका शर्तः** समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि वढाउनका लागि एकजना व्यवस्थापक र आवस्यकता अनुसार अन्य कर्मचारीहरु नियुक्त गर्नेछ . संस्थामा नियुक्त हुने जनशक्तिको योग्यता, छनौट विधि, सेवासुविधा, सरुवा, बढुवा लगायतका अन्य कुराहरु संस्थाको मानवश्रोत व्यवस्थापन कार्यविधि वमोजिम हुनेछ।

## परिच्छेद — ८
## कोषको व्यवस्था

**४८. संस्थाको कोषः**

१) संस्थाको एउटा छुट्टै कोषको व्यवस्था गरिने छ र सो कोषमा देहायको रकम रहने छन् —

क) ऋण लगायत संस्थाले आर्जन गरेका सबै किसिमका आम्दानी।

ख) नेपाल सरकारबाट वा गैर सरकारी संस्थाबाट प्राप्त अनुदान।

ग) संस्थाले सेयर बिक्री गरे बापत प्राप्त रकम, नियमित बचत रकम, सदस्यता वापत प्राप्त शुल्कहरु।

घ) अन्य स्रोतबाट प्राप्त रकमहरु ।

२) यसरी कोषमा प्राप्त हुन आएका रकमहरू विनियममा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिने छ।

**४९. कोषको सुरक्षा :**

१) संस्थाको कोष व्यवस्थापकको जिम्मामा रहने छ।

२) कोषको रकम संचालक समितिको निर्णयबाट स्वीकृत भएको हातसम्म संस्थाको नगदको रुपमा राखी सो भन्दा बढी रकम सञ्चालक समितिले तोकेको बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नु पर्ने छ।

३) संस्थाको कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानुन बमोजिम स्थापित वीमा कम्पनीमा आवश्यकता अनुसार सदस्यहरुको शेयर, वचत तथा ऋण लगानी जस्ता रकमको सुरक्षाका लागि वीमा गर्न सक्नेछ

**५०. कोषको उपयोग :** कोषको उपयोग निम्न अनुसार गरिनेछ —

(१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरूको अधीनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको सञ्चालनका लागि गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

**५१. खाता संचालनः** दफा ४८ को उपदफा (१) वमोजिमको कोषको संचालनको लागि समितिका व्यवस्थापक र सञ्चालक समितिको अध्यक्षको अनिवार्य दस्तखत चल्ने गरी कोषाध्यक्ष सहितको संयूक्त दरखास्तबाट संचालन हुने गरी सयुंक्त रुपमा खाता खोलिनेछ।सेवाकेन्द्रहरुको हकमा सेवाकेन्द्र उपसमितिका संयोजक र व्यवस्थापकको दस्तखत चल्नेगरी खाता संचालन गरिनेछ

**५२. बचतको विवरण:**

१) प्रत्येक आर्थिक वर्षमा संस्थाको हिसाब जाँच (लेखा परीक्षण) भएपछि आर्जित खुद बचत बाट २५% रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

२) उपदफा (१) बमोजिमको रकम जगेडा कोषमा छुट्याई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट २५% रकम संरक्षित पुँजी फिर्ता कोष र ०.५% ले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा छुट्याई वितरण गरिनेछ-

क) सहकारी लाभांश कोष, ७०%

ख) सहकारी शिक्षा कोष, ०५%

ग) कर्मचारी बोनस कोष, ०५%

घ) सहुलियत कर्जा लागनी कोष, ०५%

ङ) घाटा पूर्ति कोष, ०५%

च) सामुदायिक विकास कोष, ०५%

छ) अन्य जोखिम व्यवस्थापन कोष, ०५%

**५३. जगेडा कोषः** संस्थाको जगेडा कोष देहायबमोजिम हुनेछ

१) दफा ५२ को उपदफा १ बमोजिमको कम्तीमा २५ प्रतिशत रकम जगेडा कोषमा राखिने छ ।

२) कुनै संघ, संस्था वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम

३) स्थिर सम्पत्ति विक्रिवाट प्राप्त रकम

४) अन्य श्रोतबाट प्राप्त रकम

**५४. संरक्षित पुँजी फिर्ताकोषः** संरक्षित पुँजी फिर्ताकोषबाट लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद ९ को दफा ५५ मा उल्लेख भए बमोजिम कारोवारको आधारमा संरक्षित पुँजी फिर्ता गरिनेछ ।

**५५. लाभांस वितरण नगरिनेः** कुनै वर्षको शेयर लाभांस दफा ५२ को उपदफा २ को (क) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकम भन्दा बढि हुने गरी वा सदस्यले खरिद गरेको शेयर रकमको १८ प्रतिशत भन्दा बढि हुने गरी वितरण गरिने छैन ।

**५६. जगेडा कोषमा रकम सार्नु पर्नेः** विनियमको दफा ५२ को उपदफा २ को (क) मा उल्लेखित रकम वितरण गर्दा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ को दफा ५७ को उपदफा २ बमोजिम र विनियमको दफा ५२ को उपदफा २ को ग मा उल्लेखित कोषको रकम लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ को नियम २१ को उप नियम ३ बमोजिम वितरण गर्दा बढि हुन् आएमा उक्त बढि भएको रकम जगेडा कोषमा सारिनेछ ।

# परिच्छेद — ९

## वचत तथा ऋण परिचालन

**५७. बचत संकलन गर्न सक्नेः**

१) सहकारी ऐन, नियमावली  र यस विनियमको व्यबस्था र साधारणसभाबाट स्वीकृत बचत तथा ऋण नीति/ कार्यविधिका शर्त बन्देज अन्तर्गत सदस्यहरुबाट बचत संकलन गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिमको बचत तथा ऋण नीतिमा अन्य कुराहरुका अतिरिक्त दफा ५७, ५८, ५९, ६०, ६१ का व्यबस्थाका साथै देहायका  शर्त बन्देह्हरु समावेश गरिनेछन ।

क) सदस्यहरुबाट बाट मात्र बचत संकलन गर्ने

ख) मासिक सुपमा एकजना सदस्यले कम्तीमा रु २०० देखि अधिक्तामको सीमा सहकारी ऐन, नियमावली र बचत तथा ऋण नीतिमा तोकिएबमोजिम बचत जम्मा गर्न सक्ने

ग) सदस्यहरुक बचत तथा ऋण आवधिक  खाता खोल्न सकिने

घ) सदस्यहरुले संस्थामा आई वा कर्मचारीमार्फत बचत जम्मा गर्न सक्ने

ङ) ऐन बमोजिम तोकिएको सन्दर्भ व्याजदरको प्रतिकुल नहुने गरी बचत तथा ऋणको व्याजदर निर्धारण हुनेछ ।

च) ऋणमा व्याज पुँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी साँवा रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा संस्थाको बचत तथा ऋण कार्यविधिले तोके बमोजिम हर्जाना लिन सकिनेछ ।

**५८. बचत संकलन सीमाः**

१) संस्थाको जम्मा बास्त दायित्व प्राथमिक पुँजी कोष (शेयर पुँजी र जगेडा कोष) को १५ गुणा भन्दा बढि हुने छैन ।

२) संस्थाको बचत दायित्वको रकम कुनै पनि बर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिए बमोजिम वार्षिक सदस्यतर्फी खरिद वा विक्री कारोवारको रकम जोडी हुन आउने रकम जम्मा कारोबारको ३० प्रतिशत भन्दा बढि हुने छैन ।

**५९. ऋण दिन सक्नेः**

१) संस्थाले तरलताको लागि कम्तीमा १५ प्रतिशत वा दर्ता गर्ने अधिकारीले तोके बमोजिम अन्य कुनै सीमासम्मको रकम छुट्टयाइएर सदस्यहरुलाई देहाय बमोजिम ऋण दिन सक्नेछ ।

क) सदस्यको व्यक्तिगत बचतको ९० प्रतिशतसम्म आफ्नै बचतको सुरक्षणमा ।

ख) ऋण सम्वन्धि अन्य व्यवस्था बचत तथा ऋण परिचालन कार्यविधि अनुसार हुनेछ ।

२) उपदफा १ मा जेसुकै लेखिएतापानी कुनै सदस्यले सामुहिक जमानी विना वा रु ५ लाख भन्दा बढि रकम ऋण लिन चाहेमा क्ल अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

३) उपदफा २ बमोजिम प्रदान गरिने ऋण उद्यम, उद्योग, व्यवसाय, शैक्षिक, आवास, स्वास्थ्य उपचार, रोजगारमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ . तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना, घरायसी खर्च वा अन्य अड्कोपड्को पर्दा उपदफा १ बमोजिम अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

४) उपदफा १ र २ मा जेसुकै लेखिएतापानी सदस्यता लिएर नियमित रुपमा बचत जम्मा नगर्ने सदस्यलाई संस्थाबाट ऋण प्रदान गरिने छैन ।

५) ऋण सहकार्य तथा अन्य व्यबस्था बचत तथा ऋण परिचालन नीति वा कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

**६०. ऋण प्रवाहमा सीमाः**

१) संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा १ बमोजिम तरलता व्यबस्थापन पछिको लागनीयोग्य रकमबाट ५ प्रतिशत सम्म ऋण लगानी गर्न सकिनेछ । तर लगानीयोग्य रकम ६० लाख नपुक्दासम्म यो बन्देज लागु हुने छैन ।

२) उपदफा १ को अधिनमा रही कुनै संचालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारणसभाले तोके बमोजिम हुनेछ ।

**६१. ऋण वाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुनेः** संस्थाले संकलन गरेको बचत रकम स्वीकृत बचत तथा ऋण नीति/कार्यविधिका शर्त बन्देज अन्तर्गत सदस्यहरुलाई दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन । तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तोकिएबमोजिम तरलता बापत नगदै राख्ने वा नेपाल रास्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल वा विकास ऋण पत्र खरिद वा उपयोग गर्न बाधा पर्ने छैन ।

**६२. साधारणसभाको स्वीकृती लिनुपर्नेः** समितिले देहायको विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकुल नहुने गरी साधारणसभाको स्वीकृती लिनुपर्नेछ ।

१) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्ने, अपलेखन गर्नु पर्दा वा ऋणका शर्तबन्देजहरु फेर्नु पर्दा,

२) संस्थाको स्वः प्रयोजनका लागि घर, जग्गा लगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा,

३) व्यबस्थापकको तलव वा सुविधा बढाउनु पर्दा ।

## परिच्छेद — १०

## कारोबारमा सीमांकन

**६३. सदस्य केन्द्रीयताः**

१) सदस्यले देहायबमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्नेछ ।

क) बजारका लागि आबश्यक वस्तु तथा सेवा उपलब्ध गराउने व्यवसाय संस्थाले संचालन गर्दा सदस्यहरुले उत्पादन गरेका वस्तु तथा सेवाको खरिद, संकलन, प्रशोधन र बजारीकरणलाई पहिलो प्राथमिकता दिनेछ ।

ख) सदस्यहरुको लागि आबश्यक बस्तु तथा सेवाको आपूर्ती गर्ने व्यवसाय संस्थाले संचालन उत्पादनको संकलन, प्रशोधन एवं भण्डारण बजारमा जँहासुकैबाट गरेतापनि बिक्रि गर्दा सदस्यहरुलाई पहिलो प्राथमिकता दिनेछ ।

ग) रोजगारी/स्वरोजगारी सिर्जना गर्ने योजना अन्तर्गत कच्चा पदार्थ वा उत्पादित वस्तु बजारमा जँहासुकैबाट खरिद बिक्रि गरेतापनि रोजगारी, स्वरोजगारीको अवसर सदस्यहरुलाई मात्र दिनेछ ।

घ) बचत परिचालन सेवामा बचत संकलन र ऋण लगानी दुवै सदस्यहरुमै सिमित गरिनेछ ।

२) उपदफा १ मा जेसुकै कुरा लेखिएतापनि गैर व्यवसायिक सेवाहरुमा सदस्य गैर सदस्य विच पँहुचमा कुनै किसिमको विभेद गरिने छैन ।

३) सहकारी परम्परा अनुरुप विशेष अबस्थाका गैर सदस्यहरुलाई व्यावसायिक सेवाहरु प्रदान गर्नुपर्दा सदस्य र गैर सदस्य विच प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै मूल्यमा फरक गरिने छैन ।

**६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्धः**

१) संचालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन् हुदैन ।

२) संचालकले आफुलाई मात्र व्यक्तिगत फाईदा हुने सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुदैन ।

३) कुनै संचालक उपदफा १ को विपरित हुनेगरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारवाही गरे वा गराएमा त्यस्तो काम कारवाही प्रति त्यस्तो संचालक व्यक्तिगतरुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारवाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी/ नोक्सानी हुन् गएको रहेछ भने त्यस्तो हानी/नोक्सानी निजबाट असुल उपर गरिनेछ ।

**६५. कर्मचारीसँगको कारोवारमा निर्बन्धनः** संस्थाका कर्मचारी र संस्थाबीचको कारोवार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धन हुनेछ ।

**६६. जोखिम मुल्यांकनः** संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्दीकरण निवारण निर्देशन बमोजिम जोखिम मुल्यांकन गरिनेछ ।

**६७. कारोवार नगरिनेः** सम्पत्ति शुद्दीकरण निवारण कानुन अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यबस्था विपरित संस्थावाट कसैसंग कारोवार गरिने छैन ।

## परिच्छेद -११

## अभिलेख

**६८. कारोवारको लेखाः** संस्थाको आर्थिक कारोवारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामन एवं खाता संरचना बमोजिम राखिनेछ ।

**६९. खाताबहीः** १) संस्थाको काम कारबाही सञ्चालन गर्नको लागि देहाय बमोजिमका खातावही, दर्ता किताब तथा निर्णय पुस्तिका राखेनेछ —

क) विनियमको अनुसूची ४ बमोजिमको सदस्य दर्ता किताब ।

ख) प्रारम्भिक साधारण सभा, बार्षिक साधारण सभा, बिशेष साधारण सभा, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उप समितिको छुट्टाछुट्टै निर्णय किताब।

ग) नगद वहीखाता।

घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासँग कारोबार गरेको भए सो कारोबार देखाउने किताब वा खाता ।

ङ) शेयर दर्ता किताब।

च) ऋण लेनदेन गरेको किताब।

छ) बेरुजु सम्परीक्षण खाता।

ज) व्यक्तिगत खाता ।

झ) सदस्यहरुको व्यक्तिगत बचत खाता।

ञ) जिन्सी दर्ता किताब।

ट) सम्पत्ति खता, दायित्व खाता, आम्दानी खाता, खर्च खाता र सहायक खाताहरु।

ठ) समय समयमा दर्ता गर्ने अधिकारी र सञ्चालक समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु।

ड) मालसामानको मौज्दात दर्ता किताव ।

ढ) हिसाब परीक्षा सुची, आय, व्यय र स्थिती विवरण ।

**७०. आन्तरिक हिसाब जाँचः** संस्थाको आन्तरिक हिसाव जाँच देहायबमोजिम हुनेछ -

१) यस विनियमको दफा ३८ बमोजिम गठित लेखा सुपरिवेक्षण समितिले चौमासिक रुपमा संस्थाको आन्तरिक हिसाव जाँच गरी लिखित प्रतिवेदन संचालक समितिमा पेश गर्नेछ ।

२) उप दफा १ बमोजिम समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्नु संचालक समितिको दायित्व हुनेछ ।

**७१. बार्षिक हिसाव जाँचः**

१) संस्थाले प्रत्येक बर्षको हिसाब किताबको लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र साधारणसभा वा सञ्चालक समितिले नियुक्त गरेको सुचिकृत लेखा परीक्षकबाट गराउनुपर्नेछ।

२) लेखापरिक्षकले लेखापरीक्षण सम्बन्धी प्रतिवेदन वार्षिक साधारण सभामा अनुमोदनका लागि पेस गर्नुपर्ने छ ।

३) लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक साधारणसभाले तोकेबमोजिम हुनेछ ।

४) एउटै लेखा परीक्षक वा कम्पनीलाई लगातार तीन (३) पटकभन्दा बढी नियुक्ति गर्न सकिने छैन। साधारण सभाबाट अनुमोदन भएको एक प्रति लेखापरीक्षण प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा पठाइने छ।

**७२. विद्युतीय लेखा प्रणालीको प्रयोगः** संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्दीकरण जोखिम मूल्यांकन गरी दर्ता गर्ने अधिकारीको पूर्वस्वीकृति लिइनेछ ।

**७३. अन्य आधारभूत कागजातः** संस्थामा आधारभूत अभिलेख तथा कारोवारको हिसावकिताब पृष्ठ सुरक्षा (व्याकअप) को व्यवस्था सहित संरक्षण गरिनेछ ।

## परिच्छेद — १२

## प्रतिवेदन

**७४. एकीकृत सूचना प्रणालीमा आवद्धताः** समितिले संस्थाका वित्तिय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्दछ । तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुर्याको मानिने छैन ।

**७५. दर्ता गर्ने अधिकारी समक्ष प्रतिवेदनः** संस्थाले ऐनको दफा ५९ को उपदफा १ मा उल्लेखित विवरणमा अनुसूची ६ सहितको वार्षिक प्रतिवेदन साधारणसभा सकिएको मितिले पन्ध्र दिनभित्र दर्ता अधिकारी समक्ष पेश गर्नेछ ।

**७६. वित्तीय जानकारी एकाइमा प्रतिवेदनः** सम्पत्ति शुद्दीकरण निवारण कानुन बमोजिम वित्तीय जानकारी एकाईमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रुपमा निर्धारित समयभित्रै पठाइनेछ ।

**७७. साधारणसभामा जानकारी गाराउनुपर्नेः** अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त व्यहोरा सहितको जानकारी लगत्तै वस्ने साधारणसभामा जानकारी गराउनु पर्नेछ ।

१) संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंकबाट भएका निर्णयहरु,

२) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैर वित्तीय सहयोगको रकम वा प्रतिवद्धता र

३) दर्ता गर्ने अधिकारी वा कानुन बमोजिम नियामक निकायका तर्फबाट प्राप्त टिप्पणी वा निर्देशिका वा नीतिहरु

**७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासाः**

१) संस्थाको प्रत्येक सदस्यलाई संस्थासंग सरोकार राख्ने कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन बाध्य हुने छैन ।

२) संस्थाको कुनै सदस्यले संस्थाको आर्थिक अवस्था र अन्य कुनै कारोबारका वारेमा जानकारी माग गरेमा उपलब्ध गाराउनु संचालक, व्यवस्थापकको कर्तव्य हुनेछ । अन्य सदस्यहरुको व्यक्तिगत खाता कानुन बमोजिम बाहेक गोप्य राखिनेछ । संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवं थप विवरण माग गरि संस्थाको गतिविधि माथि निगरानी राख्दा संचालक एवं कर्मचारीहरुले सहयोग पुर्याउनु पर्नेछ ।

**७९. सूचनाको संरक्षणः** संस्थाले प्रचलित कानुनबमोजिम राख्नुपर्ने सम्पूर्ण सूचनाहरु संस्थाकै मातहातमा संरक्षण गरिनेछ ।

## परिच्छेद - १३
## विविध

८०. **हकवालाको मनोनयन :**

१) संस्थाको सदस्यता आवेदन फारममा हकवाला मनोनयन गर्नु पर्नेछ। हकवाला मनोनयन गर्दा कम्तिमा २ जना संस्थाको सदस्यहरूको रोहवरमा लिखित गरी गरिने र यस्तो लिखित मनोनित गर्ने सदस्यहरूको सहिछाप र साक्षीहरू लगायत हकवालाको समेत सहिछाप गरेको हुनु पर्नेछ।

२) उपदफा १ बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एकभन्दा बढि शेयर नलिएको अबस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नु पर्नेछ ।

३) कुनै सदस्यले उपदफा २ को अधिनमा रही एकजना भन्दा बढि व्यक्तिलाई हकवाला मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पस्ट रुपले लिखतम खुलाउनु पर्नेछ . अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

**८१. हकदाबी वा नामसारी ः**

१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको बचत रकम निजको विनियमको दफा ८० बमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुन बमोजिमको हकवालाको नाममा सदस्यको लागि योग्य भएमा वा इच्छा भएमा नामसारी गर्न सकिने छ। तर त्यस्तो हकवालामा सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको नीतिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरु हकवालाको नाममा नामसारि गरिदिन सकिने छ।

२) उपदफा १ बमोजिम त सदस्यको हकवालाले नामसारी गराई लिन नचाहेमा निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरी दिइनेछ।

३) उपदफा १ र २ मा जेसुकै कुरा लेखिएको भएतापनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुईजना साक्षीको रोहबरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

**८२. निर्वाचनः**

१) संस्थाको विनियमको अधीनमा रही समिति, लेखा समिति एवं अन्य उपसमितिहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्न सक्नेछ।

२) समितिले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्य मध्ये एकजना सदस्य (निर्वाचनमा उम्मेद्वार नहुने), सम्वन्धित सहकारी दर्ता गर्ने कार्यालयको एकजना कर्मचारी प्रतिनिधि रहने गरी जम्मा तीन जनाको निर्वाचन मण्डल गठन हुनेछ।सहाकारी दर्ता गर्ने कार्यालयले प्रतिनिधि खटाउन नसकेमा वा खटाएमा सो ठाउँमा स्थानीय तहका कर्मचारी वा कानुन व्यवसायी लाई सदस्यको रुपमा संस्थाले तोक्न सक्नेछ ।

३) निर्वाचन समितिले संस्थाको नियम अनुसार उपदफा १ मा उल्लेखित पदाधिकारी तथा सदस्यहरुको निर्वाचन सर्वसम्मत रुपमा निर्विरोध वा निर्वाचन प्रणाली अपनाई लोकतान्त्रिक प्रक्रियाबाट कार्य सम्पादन गर्ने छ।

४) निर्वाचन समितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फारम साथ उम्मेद्वारले केश गरेका आवश्यक प्रमाणहरु सील गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित संचालक समितिको हुनेछ ।

५) निर्वाचन समितिले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र सपथ गराउनेछ ।

६) निर्वाचनसहकायी व्यवस्था संस्थाको साधारणसभा संचालन कार्यव्यवस्था निर्देशिका, ऐन, नियम, र विनियममा नाबाँझिने गरी निर्वाचन कार्यविधिमा व्यबस्था भएबमोजिम हुनेछ ।

**८३. सपथ ग्रहण :** सञ्चालक समिति र अन्य समितिहरुमा निर्वाचित सदस्यहरुले अनुसूची ७ बमोजिम तोकिए बमोजिमको ढाँचामा साधारण सभा समक्ष सपथ ग्रहण गर्नुपर्ने छ।

**८४. संस्था एकीकरण, विभाजन र विघटन :**

१) संस्थाको साधारणसभाको कूल सदस्यहरु मध्ये दुई तिहाइ सदस्यको प्रस्ताव पारित गरी संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा एकीकरण वा विभाजन गर्न सकिनेछ। यसरी संस्था एकीकरण वा विभाजन गर्दा लुम्विनी प्रदेश सहकारी ऐन २०७६ को दफा ७२ बमोजिमको प्रक्रियाको पालना गरिनेछ।

२) संस्थाको साधारणसभाको कूल सदस्यहरु मध्ये दुई तिहाइ सदस्यको प्रस्ताव पारित गरी संस्था विघटन गर्ने निर्णय गरेमा संस्था विघटन हुनेछ । संस्थाको विघटन गर्दा लुम्विनी प्रदेश सहकारी ऐन २०७६ को दफा ७३ बमोजिमको प्रक्रियाको पालना गरिनेछ।

**८५. कार्यान्वयन अधिकारीः**

१) संचालक **समितिले सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ।**

२) उपदफा १ बमोजिम कार्यान्वयन अधिकारी नतोकिएको अबस्थामा व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रुपमा सम्पत्ति शुद्दीकरण निवारण कानुन बमोजिम अधिकृत स्तरको कर्मचारीको कार्य गर्नेछ ।

**८६. मध्यस्थता सम्बन्धी व्यवस्था :**

संस्थाको कुनै प्रकारको विवाद सामाधान गर्ने कार्यमा सम्वन्धित सहकारी संघ वा विषयगत सहकारी संघ वा संस्था आवद्ध रहेको अन्य सहकारी संघ संग आवश्यकता अनुसार मध्यस्थता गरी समस्या सामाधानका लागि समितिले अनुरोध गर्न सक्नेछ । संस्थामा विद्यमान विवाद वा अन्य समस्याहरु सुल्झाउन सम्बन्धित सहकारी कार्यालयले आफैले वा सहकारीक कुनै संघका पदाधिकारी मार्फत पहल गरेमा संस्थाका सबै सदस्य र सबै पदाधिकारीहरुले सहयोग पुर्याउनेछन् ।

**८७. सामनता र समताः**

१) संस्थाको कार्य संचालनका समस्त प्रक्रियाहरूमा सदस्यहरु माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

२) लैंगिक विभेदका कारण आम रुपमा न्यून भइरहेको नेतृत्व पंक्तिमा महिला उपस्थिति बढाउनका साथै संचालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायहरुलाई प्रोत्साहन दिनको लागि आवश्यक समतामुलक व्यवस्थाहरु गरिनेछन ।

**८८, विनियम संशोधनः** संस्थाको कुल सदस्य मध्ये कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित भई उपस्थिति सदस्यहरूको कम्तिमा २ तिहाई बहुमतबाट विनियम संशोधन प्रस्तावलाई साधारण सभाले पारित गरी संशोधन गर्न सक्नेछ। साधारण सभाबाट पारित भएमा संशोधन विनियम सहकारी ऐन बमोजिम दर्ता अधिकारी वा निजको अधिकार प्राप्त अधिकारी समक्ष स्वीकृति दिएपछि लागु हुनेछ ।

**८९. साधारणसभाले कार्यविधि बनाउन सक्नेः** सँस्थ संचालनको लागि आवश्यक कार्यविधिहरु साधारणसभाले बनाउन सक्नेछ ।

**९०. व्याख्या गर्ने अधिकार :** यस विनियमको व्याख्या गर्ने अधिकार संचालक समितिलाई हुनेछ । संचालक समितिबाट सुल्झिन नसकेको अवस्थामा साधारणसभालाई हुनेछ। साधारणसभाबाट पनि सुल्झिन नसकेको अवस्थामा सहकारी ऐन नियम बमोजिम हुनेछ।

**९१. अमान्य हुने :**

१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरू प्रचलित सहकारी ऐन, नियम र सिद्धान्तसँग बाँझिन गएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

२) यस विनियममा उल्लेखित नभएक कुराको बारेमा सहकारी ऐन, नियम र सिद्धान्त बमोजिमको व्यवस्था अनुसार संस्थाको कारबाही सञ्चालन गरिने छ।

| | |
|---|---|
| पेश गर्ने कर्मचारीको | स्वीकृत गर्ने अधिकारीको |
| दस्तखत : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| पद : | पदः |
| कार्यालयको छापः | शुरु दर्ता मिति : |